श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७९/०८० सालको निर्णय नं.८७

पुनरावेदन नं. ०७७-RB-०३१५

पुनरावेदन दर्ता मितिः- २०७७।०७।२०

**मुद्दाः– आयकर (२०७१/०७२)।**

| | |
|---|---|
| रुपन्देही जिल्ला बुटवल उ.प.म.न.पा. वडा नं.८ स्थित साविक भृकुटी विकास बैंक लिमिटेड गाभिई हाल का.जि.का.म.न.पा. वडा नं.११ एनएमबि भवन बबरमहल स्थित एनएमबि बैंक लिमिटेडका तर्फबाट ऐ.का अधिकार प्राप्त प्रमुख कार्यकारी अधिकृत का.जि.का.म.न.पा वडा नं.१३ रेडक्रस मार्ग बस्ने सुनिल के.सी..........१ | पुनरावेदक /प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग................................१<br>ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.........................................१ | प्रत्यर्थी/ वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७६।०२।२८

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री बिनोद बहादुर कुँवर

निर्णय मितिः- २०७७।०३।०८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री हेम बहादुर सहनी

विद्वान अधिवक्ता श्री मदन कुमार डंगोल

प्रत्यर्थीको तर्फबाटः विद्वान उप-न्यायाधीवक्ता श्री दिपक भण्डारी

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. करदाता साविक भूकुटी विकास बैंक हाल एनएमबि बैंक लिमिटेडले आ.व. २०७१/०७२ को आफ्नो आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू.२२,४८,१८,४५९।—(अक्षरूपी वाईस करोड अड्चालीस लाख अठार हजार चार सय उनान्साठी रुपैंया मात्र) देखाई मिति २०७२।०९।१४ मा आय विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७१/०७२ को आय विवरण कर परीक्षणको सिलसिलामा आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाब किताबको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरू दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रीम करकट्टी गर्नुपर्ने भुक्तानीमा करकट्टी गरेको नपाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर

ऐन, २०५८ को दफा १०१(६) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।०७ मा जारी भएको सूचना।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।०७ मा जारी भएको सूचना करदाताले मिति २०७६।०२।०९ मा बुझीलिई सोको लिखित जवाफ मिति २०७६।०२।२३ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७१/०७२ का लागि रू.२२,५१,२३,४४७।—(अक्षरूपी बाईस करोड एकाउन्न लाख तेइस हजार चार सय सड्चालीस रुपैंया मात्र) करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने र अग्रिम कर बापतको रकम सोही ऐनको दफा ११८, ११९ र १२०(क) बमोजिमको ब्याज र शुल्क समेत दाखिला गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।२८ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७६।०२।२८ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता एनएमबि बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०४।०७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले वास्तविक आधार, कारण र प्रमाण विना दावी गरेको **शेयर निष्काशन खर्च तथा शुल्क र व्याज सम्बन्धमा** आयकर ऐन (संशोधित सहित), २०५८ को दफा १३ , दफा २१(३) र सोही ऐनको दफा ११९, १२०(क) बमोजिम खर्च कट्टी नदिने गरी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर नपुग्ने भनि आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय।

७. यसमा ठूला कारदाताका कार्यालयबाट भएको कर निर्धारण सम्बन्धी निर्णयलाई नै सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको प्रशासकीय पुनरावलोकनको निर्णयमा **Right Share Issue Expenses** वापत रु.३,०४,९८८।-, साथै पुनरावेदक बैंकलाई सफाइको मौका नदिई लगाइएको आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क प्राकृतिक न्यायको सिद्धान्त विपरीत ठूला करदाता कार्यालय, हरिहरभवनको मिति २०७६।०२।२८ को संशोधित कर निर्धारण निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ को भएको निर्णय त्रुटीपूर्ण

भएकोले बदर गरी पाँउ भन्ने समेत व्यहोराको पुनरावेदक करदाताले यस न्यायाधिकरणमा मिति २०७७।०७।२० मा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८।१२।११ मा भएको आदेश ।

९. यसमा पुनरावेदक करदाताले राजस्व न्यायाधिकरण ऐन,२०५८ को दफा ९(१) (क) बमोजिम राख्नुपर्ने धरौटी रकम रु.९३,२१२।६७ नगद वा बैंक जमानत राखेको नदेखिंदा यो आदेश भएको मितिले १५(पन्ध्र) दिनभित्र धरौट दाखिल गर्न लगाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०२।३१ मा भएको आदेश।

१०. यस न्यायाधिकरणको मिति २०७९।२।३१ को आदेश बमोजिम करदाताले रु.९३,२१२।६७ को बैंक जमानत मिति २०७९।३।१४ मा पेश गरेको।

## ठहर खण्ड

११. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एनएमबि बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री हेम बहादुर सहनी र श्री मदन कुमार डंगोलले ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको नहुँदा बदर हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका

महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. अब पुनरावेदन पत्र सहितको मिसिल अध्ययन गरी हेर्दा, पुनरावेदक करदाताले आय विवरण पेश गर्दा, **Right Issue Expenses** दावी गरेको खर्च अन्तर्गतको आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी दिन नमिल्ने र सोही ऐनको दफा १२० को खण्ड (क) बमोजिम शुल्क तथा जरिवाना गर्ने गरी शुरु ठूला करदाता कार्यालयले गरेको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयमा चित्त नबुझाई करदाताले यस न्यायाधिकरणमा पुनरावेदन दिएको देखिन आउंछ।

१५. करदाताको पहिलो पुनरावेदन जिकिर तर्फ हेर्दा,करदाताले हकप्रद शेयर जारी खर्च रु.३,०४,९८८।- सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १३ बमोजिम व्यवसायसँग सम्बन्धित खर्च भएको हुँदा उक्त कार्यमा भएको खर्च कट्टी गर्न पाउनु पर्ने भन्ने जिकिर लिएको देखिन्छ। ठूला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा १३ बमोजिमको व्यवसायको कारोबारसँग सम्बन्धित खर्च नभएको र उक्त खर्च पूँजी वृद्धिसंग सम्बन्धित सम्पत्तिको लागि गरिएको खर्च हुन जाने भएकोले सोही ऐनको दफा २१(३) बमोजिम खर्च कट्टी गर्न नपाईने भन्ने आधारमा संशोधित कर निर्धारण गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १३(ग) मा "कुनै व्यक्तिले कुनै आय बर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोबारसँग सम्बन्धित व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। साथै आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (३) मा दफा १४,१५,१६,१७,१८,१९,२० र २१ का व्यवस्थाहरुको अधीनमा रही पूँजीगत प्रकृतिको खर्च वा विदेशी आयकर वापत कुनै पनि रकम कट्टी गर्न पाईने छैन भन्ने व्यवस्था समेत रहेको पाईयो। यसरी करदाताले शेयर निष्काशनमा भएको खर्च भनिए तापनि उक्त खर्च पूँजी वृद्धिका लागि भएको खर्च रहेको र करदाताको बैंकिङ्ग व्यवसायमा उक्त खर्च आय आर्जनसंग सम्बन्धित देखिंदैन। त्यसैले शुरु कर कार्यालयबाट करदाताले उल्लिखित शीर्षकमा गरेको खर्चलाई आयकर ऐन, २०५८ को दफा १३ तथा सोही ऐनको दफा २१(३) बमोजिम खर्च कट्टी गर्न नपाईने भनी आधार लिई गरेको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नै देखियो।

१६. अब आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको निर्णय त्रुटीपूर्ण रहेको भनी पुनरावेदकले लिएको अन्तिम जिकिर तर्फ हेर्दा, आयकर ऐन, २०५८ को दफा १२० मा " कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिमको शुल्क लाग्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। सोही दफाको उपदफा (क) मा "जानीजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलवस झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत" भनी उल्लेख गरेको देखिन्छ। करदाताले आ.व.२०७१/०७२ को आय विवरण पेश गर्दा खर्च कट्टी गर्न नमिल्ने हकप्रद शेयर जारी वापतको खर्चमा कट्टी दावी गरेको कारणले करदाताको आय विवरण भ्रमपूर्ण हुन पुगेको देखियो।यस स्थितिमा आयकर ऐन, २०५८ को दफा १२०को खण्ड (क) आकर्षित हुने अवस्था स्पष्ट देखियो।त्यसैले आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) बमोजिम ५०% शुल्क लाग्ने गरी निर्धारण गरेको निर्णयलाई उक्त दफा १२०(क) को कानूनी व्यवस्थाको रोहमा गैरकानूनी वा स्वेच्छाचारी भन्न मिल्ने नदेखिंदा करदाताको उक्त पुनरावेदन जिकिरसंग पनि सहमत हुन सकिएन।

१७. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट पुनरावेदक करदाता साविक भृकुटी विकास बैंक (स्थायी लेखा नं. ३०१६६९६०३) हाल एनएमवि बैंक लिमिटेडको आ.व.२०७१/०७२ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।०२।२८ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०८ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरु तपसिल बमोजिम गर्नू।

**<u>तपसिल खण्ड</u>**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हाम्रो सहमती छ।

पुष्पप्रसाद गुरागाईं
(लेखा सदस्य)

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलाश अधिकृतः सनिता लामा

टिपोट गर्नेः कम्प्यूटर अपरेटर चन्द्र बहादुर नेपाली

फैसला भएको मितिः २०७९।०५।०७।०३

फैसला प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्ने राजस्व सदस्यः-

प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप